मितिः ३१ जेठ २०८२

# सम्पादकहरूको विज्ञप्ति

अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता संविधानद्वारा संरक्षित मौलिक हकहरु हुन्। यद्यपि, पत्रकारहरुले प्रकाशन वा प्रसारण गरेका हरेक सामग्रीको जवाफदेहिता उनीहरुले ब्यहोर्नु पर्छ भन्नेमा पनि हामी प्रस्ट छौं।

तर, प्रसारित सामग्रीका विषयमा पत्रकार दिलभूषण पाठकमाथि विद्युतीय कारोबार ऐन जस्तो फरक उद्देश्यले निर्माण भएको कानून प्रयोग गरेर पक्राउ पुर्जी जारी भएकोमा हामी सम्पादकहरु गम्भीर आपत्ति प्रकट गर्दछौं।

कसैले पनि विचार तथा अभिव्यक्ति स्वतन्त्रता अभ्यास गर्दा अप्रमाणित, अस्पष्ट सामग्री प्रस्तुत गरेमा त्यस विरुद्ध प्रेस काउन्सिल र न्यायालयमा मुद्दा दिन सकिने स्पष्ट कानूनी व्यवस्था र अभ्यास छ। तर फरक उद्देश्यका लागि बनेको कानूनका दफा दुरुपयोग गरी सत्ताको बलमा प्रहरी परिचालन गरेर पत्रकार पक्राउ गर्न खोज्नु खेदजनक हो। यसअघि पनि कानूनको यस्तो दुरुपयोग हुँदै आएको छ। यस्तो भइरहँदा एउटै विषयमा आम नागरिक न्यायालयमा उपचार खोज्न जानुपर्ने र शक्तिशालीहरुका लागि भने प्रहरीले धरपकड गरिदिने विभेदपूर्ण अवस्था निर्माण हुन पुगेको छ।

यसर्थ विचार तथा अभिव्यक्ति स्वतन्त्रता जोडिएका विषयमा तत्सम्बन्धी कानूनले गरेको व्यवस्था पालना गर्न राज्यको ध्यानाकर्षण गराउँदै हामी दिलभूषण पाठक विरुद्धको पक्राउ पुर्जी खारेज गर्न माग गर्दछौं। सँगसँगै अभिव्यक्ति स्वतन्त्रता जस्तो मौलिक हकलाई खुम्च्याउने गरी विद्युतीय कारोबार ऐनमा राखिएका गलत प्रावधान संशोधन गर्ने प्रक्रियामा लैजान पनि सरकार र संसद्को ध्यान आकर्षित गर्न चाहन्छौं।

त्यसैगरी *बिजमाण्डू डटकम, नेपालखबर डटकम* सहितका अनलाइन न्यूज पोर्टलमा प्रकाशित समाचारको विषयलाई लिएर काठमाडौं जिल्ला अदालतका पछिल्ला आदेशहरुप्रति हामी गम्भीर असहमति प्रकट गर्दछौं।

अनलाइनमा प्रकाशित सामग्रीमाथि सम्बन्धित सञ्चार संस्थालाई आफ्ना भनाइ र प्रमाण प्रस्तुत गर्ने मौका समेत नदिई त्यस्ता सामग्री हटाउन जिल्ला अदालत काठमाडौंले दिएको आदेशले स्वच्छ सुनुवाइको अधिकारमाथि समेत प्रश्न उठाएको छ। विना सुनुवाइ समाचार सामग्री हटाउन मात्र होइन, 'समाचार प्रकाशन नगर्न, नगराउन' भनी आएको आदेशले प्रकाशनपूर्व प्रतिबन्ध लगाउन नपाइने संवैधानिक हक समेत उल्लंघन हुन पुगेको छ। हामी यसतर्फ न्यायीक नेतृत्वको गम्भीर ध्यानाकर्षण गराउँछौं।

१. अमित ढकाल

२. अमन कोइराला

३. अरुण बराल

४. आमोद प्याकुरेल

५. उमेश चौहान

६. उपासना घिमिरे

७. कमला पन्थी

८. किरण नेपाल

९. कुन्द दीक्षित

१० कृष्णज्वाला देवकोटा

११. खगेन्द्र पन्त

१२. गुणराज लुइँटेल

१३. जनक नेपाल

१४. जेबी पुन मगर

१५.धर्मराज दाहाल

१६. नम्रता शर्मा

१७.पुनम पौडेल

१८. प्रतीक प्रधान

१९. प्रशान्त अर्याल

२०. बसन्त बस्नेत

२१.बिश्वास बराल

२२.मोहन मैनाली

२३.रामेश्वर बोहोरा

२४.रामजी दाहाल

२५.लक्ष्मण उप्रेती

२६.विजय पौडेल

२७.शिव गाउँले

२८.सञ्जीव शर्मा

२९.सन्त गाहा मगर

३०.सुधीर शर्मा

३१.सुजन ओली

३२.सुजित महत

३३.सुरेश राज न्यौपाने

३४.सोनिया अवाले

३५. हरि बहादुर थापा